नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ८०

मितिः-२०८२/०५/१२
नेपाल संवत् ११४५

विषयः- ३५ दिने सूचना प्रकाशन तथा प्रचारप्रसार सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।
श्री नगरपालिका (सबै)।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. १३८, मिति २०८२/०५/१२ को ३५ दिने सूचना प्रकाशन तथा प्रचारप्रसार सम्वन्धी पत्र र सोसाथ प्राप्त सूचना आवश्यक जानकारी तथा कार्यार्थ आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

**बोधार्थः**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति : २०८२/०४/३०

मिति २०७७ ०१ ०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग,
कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित
लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र
कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा
यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस)
दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाइं जग्गा उपलव्ध
गराउने र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार
सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित
बसोवासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाचा बमोजिम निवेदन फाराम भरी मिति
२०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत
संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

Scanned with OKEN Scanner